नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं. ३८०/०७८/७९
Ref No.

मिति:२०७८/०९/१२

श्रीमान् सचिव ज्यू,

अर्थ मन्त्रालय,

सिंहदरवार,काठमाण्डौ ।

विषयः- Unique Document Identification Number (UDIN) लागू गरिएको सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखाव्यवसायप्रति सामाजिक मान्यता र विश्वास अभिवृद्धि गर्न तथा गैर कानूनी लेखापरीक्षणलाई रोक लगाउने उद्देश्यले Unique Document Identification Number (UDIN) २०७६ कार्तिक १ गतेदेखि अनिवार्य रुपमा लागू गरिएको छ । संस्थाबाट पेशागत प्रमाण पत्र प्राप्त सदस्यहरुले आफनो व्यवासायिक प्रयोजनको सिलसिलामा हस्ताक्षर गरिने कुनै पनि प्रकारको प्रतिवेदनहरुमा (जस्तै बाह्य लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, कर लेखापरीक्षण, Due Diligence Report, Valuation Report तथा अन्य प्रतिवेदनहरु) अनिवार्य रुपमा १८ Digit को UDIN(Sample UDIN: 210122CA90956006km) समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

तसर्थ, संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुबाट १८ Digit को UDIN समावेश नगरी जारी गरिएका प्रतिवेदनहरुलाई संस्थावाट वैधानिक मान्यता नदिने व्यहोरा समेत अवगत गराईन्छ ।

संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले जारी गरेका प्रतिवेदनहरु प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले यस संस्थाको वेवसाईट www.udin.ican.org.np भित्र Check UDIN मा Click गरी आफ्नो नाम, मोवाईल नम्वर, ईमेल र प्राप्त प्रतिवेदनमा उल्लेखित UDIN Number राखी उक्त UDIN को वैधानिकता प्रमाणित (Verify) गर्न सक्नुहुने व्यहोरा पनि जानकारी गराईन्छ । तसर्थ, तहाँको मातहतमा रहेका सबै महाशाखा तथा कार्यालयहरुमा यस व्यहोराको जानकारी गराई लेखा व्यवसायलाई मर्यादित गर्ने कार्यमा सहयोग गर्नुहुन आग्रह गर्दछौ ।

यस सम्वन्धी थप जानकारीको लागी संस्थाका सहायक निर्देशक श्री हिमाल सापकोटा, सूचना प्रविधी महाशाखा, मोवाईल नं. ९८५१३६५०४९ (email: himal.sapkota@ican.org.np) मा सम्पर्क गर्नुहुन आग्रह गर्दछौ ।

सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, E-mail : icandhg@ican.org.np